**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

प्रधानमन्त्री नरेन्द्र मोदीले वीडियो सन्देशको माध्यमले बिहार खेलो इन्डिया युवा गेम्स 2025 को सातौ संस्करणको उद्घाटन गर्नुभयो। श्री मोदीले सरकार 2036 को ओलम्पिक अघि भारतलाई खेल महाशक्ति बनाउन प्रतिबद्ध रहेको बताउनु भएको छ।

कृषि मंत्री शिवराज सिंह चौहानले भारतको पहिलो, जीनोम संवर्धित चामलको दुई varities जारी गर्नु भयो। यसले उत्पादन बढाउन र लागत घटाउनमा मद्दत गर्नेछ।

रक्षामन्त्री राजनाथ सिंहले रक्षामन्त्रीको रूपमा सशस्त्र बलहरूका साथ काम गर्नु र देश विरुद्ध नराम्रो चाहना राख्नेहरूलाई यथोचित जवाफ दिनु उहाँको जिम्मेवारी भएको बताउनु भएको छ।

एशियाली विकास बैंक-एडीबी गर्वनर बोर्डको  वार्षिक बैठकमा वित्त मंत्री निर्मला सीतारामनले भारतको प्रतिनिधित्व गर्दै हुनुहुन्छ ।यो बैठक हिजो इटलीको मिलानमा शुरू भयो।

आईपीएल क्रिकेटमा हिमाचल प्रदेशमा पंजाब किंग्सले लखनऊ सुपर जायंट्सलाई 37 रनले पराजित गरेको छ।

**पीएम-खेलो इंडिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ उहाँको सरकार 2036 को ओलम्पिक अघि भारतलाई खेल महाशक्ति बनाउन प्रतिबद्ध छ। 'खेलो इन्डिया युथ गेम्स 2025' को उद्घाटनको भिडियो सम्बोधनमा, श्री मोदीले भन्नुभयो उहाँको सरकारले पछिल्लो दशकमा खेल बजेट तीन गुणा बढाएको छ। सरकारले यस वर्ष खेलहरुका लागि 4 हजार करोड रुपियाँ आवंटित गरेको छ। खेलहरुलाई बढ़ावा दिन र पूर्वाधार सुधार गर्ने सरकारको सर्वोच्च प्राथमिकताबारे उहाँले भन्नु भयो अब वर्षभरि खेल कार्यक्रमहरू आयोजना गरिनेछ र राष्ट्रिय शिक्षा नीतिमा खेललाई मुख्यधाराको अध्ययनको हिस्सा बनाएर मान्यता दिइएको छ। प्रधानमंत्रीले भन्नुभयो सरकार खेलाड़ीहरुलाई खेलको नयाँ रूपहरुबाट अवगत गराउन प्रतिबद्ध छ। बिहारमा सुविधाहरू सुधार गर्ने प्रयास बारे बोल्दै, श्री मोदीले पटना-गया राजमार्गमा  एक स्पोर्ट्स सिटी विकसित भइरहेको बताउनु भयो। खेल संस्कृतिको आर्थिक पक्ष बारे श्री मोदीले खेल अर्थव्यवस्था केवल मैदान सम्म मात्र सीमित नरहेको भन्दै यसको प्रभावले नयाँ रोजगारीका अवसरहरू खोल्ने बताउनु भयो।प्रधानमन्त्रीले खेल, खेल  उद्यमशीलता, फिजियोथेरापी, डेटा एनालिटिक्स, खेल प्रौद्योगिकी, ई-स्पोर्ट्स, खेल मीडिया र इवेंट मैनेजमेंट जस्ता क्षेत्रहरूमा नयाँ अवसरहरू पनि खोल्ने बताउनु भयो।हिजो बिहारको पटनामा एक भव्य समारोहका साथ अंडर-18 आयु वर्गका खेलाडीहरूकाका लागि 'खेलो इंडिया यूथ गेम्स 2025' को शुरुआत  भयो। केटी र केटाहरुको श्रेणीहरुमा 8 हजार 5 सय भन्दा बढी युवा खेल प्रतिभाहरूले विभिन्न स्पर्धामा भाग लिनेछन्। खेलमा 2,400 भन्दा बढी पदकहरूका लागि खेलाड़ीहरुले प्रतिस्पर्धा गर्नेछन। प्रतियोगिताहरू पटना, राजगीर, गया, भागलपुर र बेगुसराय लगायत छ वटा विभिन्न शहरहरूमा आयोजना भइरहेका छन्। नयाँ दिल्लीमा साइकिलिंग, शूटिंग र एथलेटिक्स जस्ता तीन प्रकारका प्रतियोगिता आयोजना भइरहेका छन्।

**उपराष्ट्रपति कर्नाटक**

उपराष्ट्रपति जगदीप धनखड़ आज कर्नाटकको भ्रमणमा रहनु हुनेछ । यस अवधि उहाँले राज्यको उत्तर कन्नड़ जील्लाको सिरसीमा वानिकी महाविद्यालयको भ्रमण गर्नुहुनेछ।

**उपराष्ट्रपति - ग्वालियर दौरा**

उपराष्ट्रपति जगदीप धनखड़ले विकसित भारतको बाटो किसानको खेतहुँदै जाने भएकाले किसानको जीवनमा परिवर्तन र समृद्धि ल्याउन योगदान गर्नु कृषि क्षेत्रमा काम गर्ने संस्थाहरू र कृषि विद्यार्थीहरूको जिम्मेवारी रहेको बताउनु भएको छ। उपराष्ट्रपतिले हिज मध्य प्रदेशको ग्वालियरस्थित राजमाता विजयाराजे सिन्धिया कृषि विश्वविद्यालयका विद्यार्थी र प्राध्यापकहरूसँगको अन्तक्रिरया कार्यक्रमलाई सम्बोधन गर्दै उक्त कुरा बताउनु भएको हुन् । उहाले किसानलाई फसल उत्पादक मात्र नभई कृषि उद्यमी बन्ने प्रयास गर्नुपर्ने बताउनु भयो । उहाँले प्रविधि र अनुसन्धानको प्रयोग गरी कृषि क्षेत्रमा परिवर्तन ल्याउन कृषि विद्यार्थीहरुलाई आग्रह गर्नु भयो। सो अवसरमा राज्यपाल मङ्गुभाई पटेल, मुख्यमन्त्री डा मोहन यादव, केन्द्रीय सञ्चार तथा उत्तरपूर्वी क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धिया विश्वविद्यालयका उपकुलपति प्रा.जितेन्द्र सिंह र अरविन्द कुमार शुक्लाको उपस्थिति रहेको थियो।

**शिवराज सिंह चौहान**

कृषिमन्त्री शिवराज सिंह चौहानले हिजो नयाँ दिल्लीमा भारतीय कृषि अनुसन्धान परिषद् - ICAR द्वारा विकसित भारतको जीनोम संवर्धित धानका दुई थरिका चामल सार्वजनिक गर्नुभयो। उहाँले परियोजनासित सम्बन्धित कृषि वैज्ञानिकहरूलाई बधाई दिनु भयो। उहाँले भन्नुभयो यो शोध प्रधानमन्त्री नरेन्द्र मोदीको विकसित भारतको संकल्पमा एक महत्वपूर्ण उपलब्धि साबित हुनेछ। कृषिमन्त्रीले बढ्दो जनसंख्याको पोषण संबंधी आवश्यकता पूरा गर्न उत्पादन बढाउनुपर्ने बताउनु भयो। उहाँले यी दुवै थरिका चामल किसानहरुका लागि मात्र नभएर आम जनताका लागि पनि लाभदायक रहेको बताउनु भयो।

बाईट

हाम्रा संवाददाताले बताए अनुसार यी चामलहरु आंध्र प्रदेश, बिहार, उत्तर प्रदेश, तेलंगाना, कर्नाटक, तमिलनाडु, छत्तीसगढ़, महाराष्ट्र, पश्चिम बंगाल र मध्य प्रदेशका किसानहरुका लागि विकसित गरिएको छ।

**राजनाथ सिंह घटना**

रक्षामन्त्री राजनाथ सिंहले रक्षामन्त्रीको रुपमा सशस्त्र बलसँग मिलेर कार्य गर्नु अनि देशलाई चोट पुराउन चाहनेलाई उचित जवाफ दिनु आफ्नो जिम्मेवारी भएको बताउनु भएको छ। नयाँ दिल्लीमा आयोजित संस्कृति जागरण महोत्सवमा बोल्दै सिंहले देशको सीमा र सैनिकको सुरक्षा पनि आफ्नो जिम्मेवारी भएको बताउनु भयो। उहाले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देशको जनताको चाहना पूरा हुने बताउनु भयो। रक्षामन्त्रीले भन्नु भयो, 'अहिले सारा विश्वले भारतको महत्वलाई स्वीकार गरेको छ र यसको आवाज विश्वव्यापी मञ्चहरूमा सुनिन्छ। उहाले भन्नु भयो, 'भारतको अर्थतन्त्र विश्वको पाँचौं ठूलो अर्थतन्त्र बनेको छ। उहाले सन् २०२७ सम्ममा देशको अर्थतन्त्र विश्वकै तेस्रो ठूलो अर्थतन्त्र बन्ने विश्वास व्यक्त गर्नु भयो। विकसित देश बन्नका लागि भारतले आर्थिक रुपमा मात्र नभएर आध्यात्मिक र सांस्कृतिक रुपमा पनि अगाडि बढ्नुपर्ने उहाले बताउनु भयो।

**रक्षा मन्त्री बैठक**

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा जापानका रक्षा मंत्री जेन नाकातानी सित द्विपक्षीय वार्ता गर्नुहुनेछ , रक्षा मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ कि बैठकमा दुवै पक्षले वर्तमान क्षेत्रीय र अन्तर्राष्ट्रिय सुरक्षा अवस्थाको बारेमा विचार विमर्श गर्नेछन् र द्विपक्षीय रक्षा सहयोगलाई अझ गहिरो बनाउने उपायहरूबारे छलफल गर्नेछन्।

**सीतारामन-एडीबी**

वित्त तथा कर्पोरेट मामिला मन्त्री निर्मला सीतारामण आजदेखि यस महिनाको ७ तारिखसम्म इटलीको मिलानमा एसियाली विकास बैंकको गर्वनर बोर्डको ५८ औं वार्षिक बठकमा भाग लिनुहुनेछ। आफ्नो भ्रमणको क्रममा श्रीमती सीतारमणले मिलानमा वैश्विक थिंक-टैंकए उ्योगपति र मुख्य कारयेकारी अधिकारीहरुसित बैठक गर्नु हुनेछ। यस बाहेकए उहाँले इटली, जापान र भुटानका वित्त मन्त्रीहरूर अन्य अन्तराष्टर्य संगठनका प्रमुखहरूसित द्विक्षीय भेटवारता पनि गनुहुनेछ।

**तेलंगाना-गडकरी**

केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले तेलंगानामा ६ हजार करोड भन्दा बढीको लागतमा निर्मित १४ राष्ट्रिय राजमार्ग परियोजनाहरूको २८५ किलोमिटर मार्ग को उद्धाटन गर्नुहुनेछ। गडकरीले आज बिहान आसिफाबाद जिल्लाको कागजनगर एक्स रोडमा चार लेनको राष्ट्रिय राजमार्ग-३६३ को उद्धाटन गर्नुहुनेछ। उहाले साँझ हैदराबादमा भेल र अम्बरपेट फ्लाइओभरको औपचारिक उद्धाटन गर्नु हुनेछ । यसबाहेकए श्री गडकरीले तेलंगानामा धेरै सडक विस्तार परियोजनाहरूको पनि शिलान्यास गर्नुहुनेछ। उहाले हैदरावादको अम्बरपेटमा एक जनसभालाई पनि सम्बोधन गर्नु हुनेछ।

**अनिवार्य घोषणा**

आकाशवाणीको समाचार सेवा प्रभागले , आफ्नो साप्ताहिक फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा आज राती साढे नौ बजे "अत्यधिक गर्मी के दौरान सुरक्षित रहना" विषयमाथि परिचर्चा प्रसारित गर्नेछ । मौसम विभागको वैज्ञानिक डॉक्टर आर. के. जेनामणि र लेडी हार्डिंग मेडिकल कॉलेजको मेडिसिन विभागको प्रोफेसर डॉ. अनुपम प्रकाश यस परिचर्चामा भाग लिनुहुनेछ ।

श्रोताले कार्यक्रमको अवधि गर्मी सित संबंधित बीमारिहरुको रोकथाम र उपचारबारेमा टेलीफोन नंबर र व्हाट्सऐपमा प्रश्न सोध्न सक्नुहुनेछ । टेलीफोन नंबर रहेको छ - 0 1 1 - 2 3 4 2- 1 0 5 0 र 0 1 1 - 2 3 3 1 4 4 4 4 तथा व्हाट्सएप नंबर रहेको छ - 9 2 8 -9 0 9 -4 0 4 4. श्रोताले हैशटैग आस्क-एआईआर कोसाथ एक्स मा पनि आफ्नो प्रश्न पोस्ट गर्न सक्नुहुनेछ ।

**नड्डा- अंगोला**

भाजपा को जानो पहल अन्तर्गत केंद्रीय मंत्री र भाजपा अध्यक्ष जगत प्रकाश नड्डाले हिज नयाँ दिल्लीमा अंगोलाको राष्ट्रपति जोआओ मैनुअल गोंकाल्वेस लोरेंसोसित भेट गर्नु भयो ।यस भेटमा श्री नड्डाले अफ्रीकी संघको अध्यक्षको पदभार ग्रहण गरेकोमा राष्ट्रपति लोरेंसोलाई बधाई दिनुभयो । उहाँले भाजपाको संगठनिक संरचना र पार्टीको गतिविधिहरुको बारेमा जानकारी साझा गर्नुभयो र विभिन्न समुदायहरुसम्म पार्टीको समावेशी पहुंचको उल्लेख गर्नुभयो । उहाले आपसी संबंधोंलाई मजबूत बनाउनको लागी भाजपा र पॉपुलर मूवमेंट फॉर द लिबरेशन ऑफ अंगोला (एमपीएलए) को बीच प्रतिनिधिमंडलस्तरीय आदान-प्रदान शुरू गर्ने प्रस्ताव राख्नु भयो ।बातचीतको अवधि प्रधानमंत्री नरेंद्र मोदी सरकारको प्रमुख स्वास्थ्य सेवा योजनाहरुमा विशेष रूपले चर्चा गरियो जसको उद्देश्य महिलाहरू र शिशुहरू सहित समाजको कमजोर वर्गलाई सशक्त बनाउनु हो । दुवै नेताले विगत एक दशकमा भारत र अंगोलाबीचको द्विपक्षीय सम्बन्धमा भएको निरन्तर प्रगतिको उल्लेख गर्नुभयो र विशेष गरी स्वास्थ्य सेवा क्षेत्रमा सहयोगलाई थप मजबुत बनाउने सम्भावनाबारे छलफल गर्नु भयो । राष्ट्रपति लोरेन्सो तीन दिने राजकीय भ्रमणका लागि गत मे २ मा नयाँ दिल्ली आइपुग्नुभएको थियो ।

**आईपीएल**

आईपीएल क्रिकेटमा हिज पंजाब किंग्सले लखनऊ सुपर जायंट्सलाई 37 रनले पराजित गरेको छ। 237 रनको लक्ष्यलाई पछयाउदै लखनऊ सुपर जायंट्सले निर्धारित 20 ओवरमा 7 विकेट गुमाएर 199 रन मात्र बनाउन सक्यो। पंजाब किंग्सकोलागि प्रभसिमरन सिंहले 91 रनको शानदार पारी खेले । उनलाई प्लेयर ऑफ द मैच घोषित गरियो ।
एक अन्य मैचमा कोलकाता नाइट राइडर्सले राजस्थान रॉयल्सलाई एक रनले पराजित गरेको छ ।यस जीतको साथ कोलकाता नाइट राइडर्स अंक तालिकामा छैठौ स्थानमा पुगेको छ।
आजको मैचमा सनराइजर्स हैदराबादले डेल्ही कैपिटल्सको सामना गर्नेछ । मैच साँझ 7:30 बजे शुरु हुनेछ ।

****** ० ******

****** ० ******